'यदि तिमीले व्यक्तिलाई मुल्याङ्कन गर्न थाल्यौ भने उसलाई प्रेम गर्न विर्सन्छौं ।' - मदर टेरेसा

वार्षिक ग्राहक शुल्क १०००

# रेखदेख

हामी जे देख्छौं, त्यही लेख्छौं

www.rekhadekh.com

रुकुमको लोकप्रिय पत्रिका

राष्ट्रिय साप्ताहिक

वर्ष ८ अंक ६ रुकुम २०७८ पुस २६ सोमबार 10 January 2022 Monday पृष्ठ ४

रेखदेख

पत्रिकाको ग्राहक बन्नु परेमा

सूचना तथा विज्ञापन छपाई गर्नु परेमा


पत्रिका नियमित नआएमा

समाचार तथा विचार छपाई गर्नु परेमा

सम्पर्कको लागि :

९८५१२३६७१३,९८४७८७६७१३

Email-info@rekhadekh.com



**देउवाको महँगो पेलाइ**

सभापति निर्वाचित भइसकेपछि देउवाका सामु दुईवटा विकल्प थिए - पहिलो उदारता अपनाएर सबैलाई समेट्न, अर्को विरोधीलाई सिध्याउने ।

२



**महामन्त्रीलाई गृहनगरमा सम्मान**

नेपाली कांग्रेस कर्णाली प्रदेशका महामन्त्री पदमा निर्वाचित कृष्णबहादुर रोकायलाई गृहनगरमा स्वागत तथा सम्मान गरेको छ ।

३



**अन्डरवेयर, मोजा र ब्रा फिर्ता मागियो !**

सेनाले प्रयोग भइसकेका मोजा, अन्डरवेयर र ब्रा सफा गरेर जाँच भएपछि नयाँ सिपाहीलाई प्रदान गरिने पनि सेनाको भनाइ छ ।

४

# कोरोनाको बढ्दो महामारी, शुन्य तयारी

**प्रविर ददेल**

**रेखदेख संवाददाता**

कोरोना भाइरसको तेस्रो भेरियन्ट तथा नयाँ-नयाँ प्रजातीको रुपमा विकास हुने क्रम वढ्दो छ। विश्व स्वास्थ्य संगठनले तेस्रो भेरिन्टको चेतवानी दिईरहेको बेला कोरोना भाइरसको नयाँ प्रजाती ओमीक्रोनको संक्रमण वढ्दो मात्रामा देखिएको छ। यो पहिलो र दोस्रो मात्राभन्दा निकै छिटो फैलिनसक्ने स्वास्थ्यकर्मीहरुको भनाई रहेको छ।

तर कोरोना भाइरसको नयाँ भेरियन्टहरु एकपछि अर्को आउँदै गर्दा रुकुम पश्चिमका ६ वटा स्थानीयतहहरुले यसको न्यूनीकरणको कुनै उपाय अपनाएको देखिदैन। भने आम नागरिकले पनि स्वास्थ्य सम्वन्धी आधारभुत मापदण्डहरुको वेवास्ता गर्ने परिपाटी समेत वढ्दो रहेको छ।

**कोरोनाको असर**

सन २०१९ मा चीनको वुहाननजिकै पशुपक्षी व्यापार हुने एउटा बजारमा पहिलो पटक यसको सङ्क्रमण देखिएको थियो। उक्त भाइरस केही महिनामै विश्वभरि फैलियो। पछिल्लो तथ्याङ्क अनुसार विश्वभरीमा १९ करोड वढी मानिसमा यसको संक्रमण देखा परेको छ। जसबाट ४१ लाख वढी मानिसको मृत्यु भएको छ। नेपालमा पनि कोरोना भाइरसबाट ८ लाख २७ हजार वढी मानिसहरुमा कोरोना संक्रमण फैलिएको थियो। जसबाट ११ हजार ५ सय ८८ जना भन्दा वढी मानिसको मृत्यु भएको छ।

कोरोना भाइरसको तिव्र संक्रमणदर, स्वास्थ्य मापदण्डको परिपालना नगर्नु, दक्ष जनशक्तिको अभाव तथा प्रयाप्त अस्पताल र अक्सिजन नहुँदा नेपालमा कोरोना भाइरस (कोभिड-१९) ले ठुलो क्षती पुऱ्याएको तथ्याङ्कले देखाएको छ। जसका कारण देश लामो समय ( लकडाउन) बन्दावन्दीमा गुर्जिनु परेको थियो। उद्योगधन्दा कलकारखानाका साथै शैक्षिक संस्थाहरु पूर्ण रुपमा बन्द नै रहे। अहिले अवस्था केही सामान्य भएपनि पुस अन्तिम साताबाट फेरी कोरोना भाईरसको संक्रमण नेपालमा वढ्न थालेको छ। आइतबार बसेको कोभिड-१९ संकट व्यवस्थापन समन्वय समिति (सीसीएमसी) बैठकले १३ बुद्दे सिफारिस गरेको छ।

जसमा २५ जना भन्दा वढी जम्मा हुन नपाउने, विद्यालय माघ १५ सम्म बन्द गर्ने, खोपकार्ड विना सार्वजनिक सेवा प्रवाहमा रोक लगाउने, अनिवार्य रुपमा स्वास्थ्य मापदण्ड परिपालना गर्नुपर्ने जस्ता निर्णय सिफारिस गरेको हो ।

**वढ्न थाल्यो कोरोना**

पछिल्लो समय कोरोना संक्रमण दोब्बरले बढ्न थालेको छ। कोरोना भाइरसको तेस्रो भेरियन्ट तथा नयाँ प्रजाती ओमीक्रोन व्यापक रुपमा फैलिरहेको हो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको एक हप्ताको तथ्याङ्क हेर्दा कोरोना संक्रमणदर दोब्बरले बढेको छ।

मन्त्रालयले आइतबार दिएको जानकारी अनुसार आईतवार ८ हजार ८ सय ४८ जनाको परिक्षण गर्दा ९.५० प्रतिसतमा कोरोना पुष्टी भएको छ। त्यस्तै शुक्रवार सार्वजनिक गरेको तथ्याङ्कमा ९६८ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। यसअघि बुधबार ४३५ जनामा कोरोना संक्रमण पुष्टी भएकोमा बिहीबार ५४० जनामा कोरोना संक्रमण पुष्टि भएको थियो। अहिलेकै गतिमा संक्रमण विस्तार भएमा तेस्रो लहर उत्कर्षमा पुग्दा-नपुग्दै मुलुकको करिब ४० प्रतिशतभन्दा बढी जनसंख्या संक्रमित हुने अनुमान स्वास्थ्य मन्त्रालयको छ । पछिल्लो समय रुकुममा पनि कोरोना लक्षयणसँग मिल्दाजुल्दाविरामी वढ्न थालेको जिल्ला स्वास्थ्य कार्यालय रुकुमले जनाएको छ।

**रुकुम पश्चिमको अवस्था**

रुकुम पश्चिममा कोरोना भाइरस संक्रमण बाट ३४ जनाको मृत्यू भइसकेको छ । भने ३ हजार ९८७ जना संक्रममित छन्। जसमध्ये अहिले ७ जना सक्रिय संक्रमित छन्। रुकुम पश्चिमका ६ वटा स्थानीय तहका ५७ हजार ९ सय ३५ जनाले खोपको पूर्ण मात्रा लगाएका छन्। भने एक डोज मात्र लगाउने संख्या ८८ हजार ११० रहेको जिल्ला स्वास्थ्य कार्यालय रुकुम पश्चिमका खोप सुपरफाईजर कृष्ण खड्काले जानकारी दिएकी छिन्। उनका अनुसार १८ वर्ष माथिका ४२ हजार ५९९ जना बाँकी छन्। भने १८ वर्ष मुनीका वालवालिकाहरुलाई भने खोप अभियान नै सुरु भएको छैनन्।

**शुन्य तयारी,**

रुकुम पश्चिमका ६ वटा स्थानीय तहहरुका साथै जिल्ला अस्पताल रुकुम पश्चिमको पनि कोरोना भाइरस रोकथामको लागि कुनै पनि तयारी छैन् । अघिल्लो वर्षहरु जिल्ला अस्पतालमा तयार गरेको कोरोना अस्पताल अहिले सञ्चालनमा छैन् । भने कोरोना महामारीका बेला राप्ती समाज अस्पताल भाडा लिएर समेत सेवा प्रदान गरिएको थियो। त्यस्तै जिल्ला अस्पतालमा जडान गर्ने भनिएका अक्सिजन प्लान्ट पनि जडान हुन सकेको छैन्। चौरजहारीमा सञ्चालन गरिएको पिसीआर परिक्षण प्रयोगशाला सञ्चालनमा छैन् । जिल्लाभरी ३७८ मात्रै अक्सिजन सिलिण्डर छन्। ६ वटै स्थानीय तहहरुमा स्थापना गरिएका अस्पताल र जिल्ला अस्पताल सल्ले गरी जम्मा १३३ वटा मात्रै बेड रहेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख विष्णु वुढाथोकीले जानकारी दिएका छन् । उनले भने, कोरोना महामारी न्यूनीकरण गर्न सबै स्थानीयतहहरुसँगको समन्वयमा अगाडि वढ्ने तयारी रहेको छ। यस विषयमा निमित्त प्रमुख जिल्ला अधिकारी तथा डीसीएमसीका अध्यक्ष प्रमेश शिवाले भने, जिल्लामा अहिले नै कोरोना संक्रमणदर फैलिएको जानकारी नभएको बताए। उनले भने, कोरोना बभाइरस फैलिन सक्ने अवस्था प्रति भने सचेत रहेको जानकारी दिएका छन्। प्रमुख जिल्ला अधिकारी बद्रनाथ गैह्रे सरुवा भईसकेको र नयाँ सरुवा भएर रुकुम आउने प्रमुख जिल्ला अधिकारी प्रमानन्द घिमिरे जिल्ला नपुगेका कारण डिसीएमसीको बैठक र कोरोना संक्रमणको अवस्था बारे समिक्षा भएको छैन् । प्रजिअ जिल्ला पुग्ने वितिकै जिल्लामा कोरोनाको समिक्षा गरिनेछ निप्रजिअ शिवाले बताए।

Government of Nepal
Ministry of Communication and Information Technology
District Post Office
Musikot-Khalanga 1,Rukum (west)
Invitation for Sealed Quotations

Contract Identification No: SQ/PO/ /01_078/79 Date of publication: 2078/09/23

**1.**The District Post Office Musikot - KhalangaRukum (west) has invites sealed quotation for the maintenances of Roof & Construction of Toilet ,Bathroom .The estimated amount for the works is NRS. 1930358.31in word (Nineteen Lakh thirty thousand three hundred fifty eight Rupees & thirty one paisa only with VAT.

**2.**Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the District Post Office MusikotKhalanga 1 Rukum (west) Phone No. 088-530123.

**3.**A complete set of Bidding Documents may be purchased from the District Police Office Musikot 1 KhalangaRukum (west) by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till 2078/10/09 B.S.during office hours.

**4.** Bidders, submitting their bid should deposit the cost of bidding document in the following account

Name of the Bank :Nepal Bank Ltd Name of Office: District Post Office Rukum(west )
Office Code no. : 3580359010ffice Account no.: 00101000000001001001
Rajaswa (revenue) Shirshak no. : 14529 District Post Office Rukum(West)


**5.**Sealed bid must be submitted to the District post Office ,Musikot 1 KhalangaRukum (West) on or before 12.00 PM on 2078/10/10 B.S.. Bids received after this deadline will be rejected.

**6.**The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 078/10/10 B.S. on or Before 14.00at the Musikot 1 KhalangaRukum (west). Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 50,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.

**7.** If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

..........................
Chief of the office

# रुकुम पूर्वमा आयोडिनयुक्त नुनका उपभोक्ता बढ्दै



**रेखदेख संवाददाता**

**रुकुम (पूर्व)**

विगत देखि रुकुमपूर्वमा सरकारी अनुदानको आयोडिनयुक्त नुनको वितरण केन्द्र नहुँदा ढिके नुनको उपभोग गर्ने गरेका थिए। पछिल्लो समयमा रुकुमपूर्वको सिस्ने गाउँपालिका(६ छिप्रिदह, पुथाउत्तरगंगा गाउँपालिकाको तकसेरा र भूमे गाउँपालिकाको खाबाङ बगरबाट आयोडिनयुक्त नुन वितरण भइरहेकोले यसको उपभोग गर्ने उपभोक्ताको संख्या बृद्धि हुँदै आएको छ । सरकारी अनुदानको आयोडिनयुक्त ननु वितरण केन्द्रबाट वितरण हुन थालेपछि जिल्लाबासीले पछिल्लो समय आयोडिनयुक्त नुन उपभोग गर्नेको संख्या बृद्धि भइरहेको रुकुमपूर्व वितरण केन्द्रका प्रमुख पूर्णराज गौतमले बताए । आयोडिनयुक्त नुनको महत्त्व र फाइदाबारे सबैमा जानकार भएपछि जिल्लामा सरकारी अनुदानको आयोडिनयुक्त नुनको उपभोग गर्नेको संख्या बढ्दो क्रममा रहेको गौतमले जानकारी दिए।

सरकारी अनुदानबाट आएको वितरण केन्द्रमा प्रतिकिलो ९ रुपैयाँ दरमा बिक्री भइरहेको छ । यसैगरी सरकारी अनुदानबाट प्राप्त नभएको आयोडिनयुक्त नुनलाई बजारमा प्रतिकिलो २० देखि ३५ रुपैयाँ सम्ममा बिक्री गरिराखेका छन्।

यस आर्थिक वर्षमा रुकुमकोट र खाबाङ बगर वितरण केन्द्रका लागि एक हजार ५ सय क्विन्टल र तकसेरा वितरण केन्द्रको लागि एक सय क्विन्टल नुन आउने कोटा स्वीकृत भएको प्रमुख गौतमले बताए। प्रत्येक आर्थिक वर्षमा आयोडिनयुक्त नुन उपभोग गर्नेको संख्या बृद्धि भइरहेको छ। रुकुमकोट र खाबाङ बगरमा मासिक रूपमा वितरण केन्द्रबाट वितरण भइरहेको छ भने तकसेरामा वर्षमा एकै पटक मात्र वितरण भइरहेको छ। आयोडिनयुक्त नुन वितरण केन्द्र दुर्गम गाउँ बस्तीलाई लक्षित गरेर वितरण केन्द्र नहुँदा त्यहाँका नागरिकले महंगो मूल्यको नुन किन बाध्य छन्।

'सुरक्षित पानी, स्वस्थ जिन्दगानी'

जनहितमा जारी सन्देश

मौसम परिवर्तनको समयमा विभिन्न रोगहरुको प्रकोप वढ्ने हुँदा सुरक्षित पानीके प्रयोग तथा सुरक्षित व्यवहार अपनाऔं । कोभिड-१९ जस्तो महामारीबाट बच्न र अरुलाई पनि बचाउन बेला बेलामा हात धुने गरौं

तेज नारायण महतो
खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय रुकुम (पश्चिम)

*'बाटो कहाँ जान्छ, त्यहा नजानुहोस् बरु त्यहाँ जानुहोस् जहाँ कुनै बाटो छैन र छाप छोड्नुहोस् ।' - राल्फ वाल्डो एमर्सन*

## सम्पादकीय

# भवन संहिताको पालना गरौं

नेपाल भुकम्पीय हिसावले जोखीमपूर्ण देश हो । यसको पुस्ट्याई २०७२ साल बैशाख १२ र २९ गते हामी सबैले भोगिसकेका छौं । त्यतिबेला रुकुम जिल्ला समेत अछुतो रहन सकेन् । रुकुममा समेत २०७२ को भुकम्पले सयौं घर र केहीको ज्यान समेत लिएको तितो सत्य हामी माझ ताजै छ । कमजोर भौगलिक अवस्था रहेको कारण रुकुम भुकम्पीय जोखीमको जिल्ला मानिएको हो । तर यस जिल्लामा भुकम्पको कारण हुने जोखिमलाई न्यूनीकरण गर्न कुनै उपाय अवलम्वन गरेको छैनन् । त्यसको दोषि तपाई हामी नै हो ।

पछिल्लो समय अव्यवस्थित रुपमा निर्माण भएका भौतिक पूर्वाधारले जिल्ला सदरमुकाम मुसिकोटबजार क्षेत्रलाई थप असुरक्षित बनाएको छ । यस क्षेत्रमा निर्माण हुने भवनहरुमा भवन आचार संहिता लागु हुन नसकेको कारण हामी असुरक्षित बनेका हौं । २०७२ सालमा गएको भुकम्पको बेला त्रि.ज.उ.मा.वि.को खुल्ला चौवर र टुडिखेलको धुलोमा सुत्न बाध्य भएका हामी पछिल्लो समय भुकम्पको जोखिम निमत्याईरहेका छौं ।

हामीले निर्माण गरेका भवनहरु, विद्युत तथा सञ्चार टावरहरुले हामीलाई असुरक्षित बनाईरहेका छन् । बिशेषगरी भवन आचार संहिता सम्वन्धी ज्ञान नहुँनु, खर्च वढी लाग्ने र भुकम्प प्रतिरोधी भवन निर्माण गर्ने दक्ष (जनशक्ति)कामदार नहुँदा भुकम्प प्रतिरोध घर निर्माण नभएका हुन् । रुकुम जिल्लामा पछिल्लो समयमा निर्माण भएका केही सरकारी भवन बाहेक अन्य पुराना सरकारी कार्यालय, विद्यालयहरु, अस्पताल र ग्रामिनस्तरका कुनैपनि घर भुकम्प प्रतिरोधी छैनन् । जिल्लालाई नै केन्द्रिबिन्द्र बनाएर ठुलो भुकम्प आए रुकुमबासीहरुले ठुलो क्षति हुन सक्ने अनुमान जो सुकैले गर्न सक्दछ । जिल्ला सदरमुकाम मुसिकोट खलंगामा प्राविधिक इस्टमेट समेत नबनाई धमाधम भवनहरु निर्माण बनीरहेका छन् । मुसिकोट बजार क्षेत्रमा निर्माण हुने व्यवसायीक भवनहरु बढी जोखिम रहेका छन् । त्यसैले भुकम्पीय जोखिमबाट बच्न आजैबाट न्यूनीकरणका उपाय अपनाऔं ।

रेखदेख

पाठक वर्गमा अनुरोध

तपाईहरुलाई रेखदेख साप्ताहिक पत्रिकामा प्रकाशित सामाग्रीहरु कस्तो लाग्छ ? पत्रिकालाई थप जनमूखी बनाउन के गर्नुपर्ला ? साथै पत्रिकामा लेख-रचना, प्रतिक्रिया सल्लाह सुझावको साथै सूचना तथा विज्ञापन छाप्नु परेमा सम्पर्कको लागि मोवाईल ९८४७८७६७१३, ९८५१२३६७१३
ईमेल : info@rekhadekh.com वा rekhadekh@gmail.com मा पठाउनुहोला । सम्पादक

# देउवाको महँगो पेलाइ



गोविन्द अधिकारी

सत्ताका लागि जे गर्न पनि नहिचकिचाउने प्रवृत्ति सायद अहिलेका ठूला पार्टीका शीर्ष नेताका साझा विशेषता हो । यसैले नेपाली कांग्रेसको सभापति जित्न आफूले अपनाएको साम, दान, दण्ड, भेदको अभ्यासमा शेर बहादुर देउवालाई सही लाग्नु स्वाभाविकै हो ।

सभापति निर्वाचित भइसकेपछि अहिलेको विधानअनुसार अन्तिम कार्यकाल भएकाले देउवाका सामु दुईवटा विकल्प थिए - पहिलो उदारता अपनाएर सबैलाई समेट्ने । अर्को, अहिले गरेजस्तै चुनावमा आफ्नो विरोध गर्नेहरूलाई सिध्याउने खेलमा लाग्ने ।

पहिलो बाटो रोजेको भए सायद पार्टीका साथै देशको पनि हित हुन्थ्यो र सबैभन्दा बढी लाभ देउवालाई नै हुन्थ्यो । उनी अहिले पार्टीका एकछत्र नेता त हुन् तर निर्विवाद होइनन् । सबैलाई समेटेर र उचित महत्व दिएको भए देउवा निर्विवाद नेता पनि बन्न सक्थे ।

पार्टीभित्रै विवादमा परेको नेता जति शक्तिशाली भए पनि देशमा लामो समय टिक्न सक्तैन । नेकपा (एमाले)का अध्यक्ष खड्गप्रसाद ओली यसका उदाहरण हुन् । उनले सरकार र नयाँ पार्टीमात्र होइन पुरानै पार्टी पनि जोगाउन सकेनन् ।

दोस्रो विकल्प रोजेका देउवा आफ्नो विपक्षमा खसेको ४० प्रतिशतभन्दा बढी मतको उपेक्षा गर्ने बाटोमा लागे । यसले उनी र उनका ताबेदारहरूलाई तत्काल त फाइदै होला । शेखर कोइराला समूहलाई दिनुपर्ने भाग पनि आफैंलाई खप्ट्याउन र रामचन्द्र पौडेल तथा कृष्णप्रसाद सिटौलालगायतलाई बिलो दिन पुग्ला । तर, चुनावका मुखमा पार्टीको ठूलो समूहले असुरक्षित र अपमानित महसुस गर्दा लाभ होला कि हानि ?

चुनाव जित्ने सबैले पदको ओज धान्न सक्दारहेनछन् भन्ने दृष्टान्त बन्ने नै भए त सभापति शेरबहादुर देउवा ? शेखर समूहलाई पेल्ने तर माओवादीसँग मिल्ने देउवा नीतिले कांग्रेसको मात्र होइन देशकै पनि भलो हुनेछैन ।

**गुरुको सिको**

राष्ट्रिय सभाको उमेदवार देउवा र पौडेलले तोके । विधानको व्यवस्थामात्र होइन जिल्ला र प्रदेश समितिका सिफारिस पनि रद्दीको टोकरीमा फालिदिए । किसुन जी र गिरिजाबाबु पनि कुरा मिलेका बेला यसै गर्थे । देउवा र पौडेललाई पनि लाग्दो हो गणेशमानजी, किसुनजी र गिरिजाबाबुले, पछि किसुनजी र गिरिजाबाबुले र अझ पछि गिरिजाबाबुले एक्लै कांग्रेसमा मनलागी निर्णय गर्न हुने हामीले किन नहुने ?

**एउटा कथा छ -** कुनै गुरु एक दिन चेलाहरू लिएर कतै जाँदै रहेछन् । बाटामा चेलाहरूलाई अगाडि पठाएर गुरुले अभक्ष्य भोजन गरेछन् । चेलाहरूले चियो गरेका रहेछन् । थाहा पाइहाले । गुरु गएपछि चेलाहरू पनि त्यहीँ गएर त्यही भोजनको स्वाद लिएछन् ।

गुरुले आफूले अगाडि पठाएका चेलाहरू पछिपछि आइरहेको देखेपछि शङ्का गरे र सोधे । चेलाहरूले अभक्ष्य भोजन गरेको सकारे । गुरुले हप्काउँदा जवाफ फर्काए- गुरुका लागि भक्ष्य भोजन चेलाका लागि कसरी अभक्ष्य ?

कथाको नाटकीय बिन्दु - किनभने भन्दै गुरुले आफूले खाएको भोजन ओकलिदिए र चेलाहरूलाई त्यसै गर्न भने । चेलाहरूले सकेनन् । अनि गुरुले शिष्यहरूलाई जाति च्युत हुने श्राप दिएछन् ।

**कांग्रेसभित्र दुईधार**

सत्तारुढ गठबन्धनसँग चुनावमा पनि मिलेर जाने कि नजाने भन्ने विषयमा नेपाली कांग्रेसभित्र स्प्ट दुई धार देखियो । देउवा पक्षका नेता रामचन्द्र पौडेललगायतले गठबन्धनसँग चुनावमा पनि तालमेल गर्नुपर्ने धारणा व्यक्त गरेका छन् भने शेखर समूहका महामन्त्री गगन थापाले स्पष्ट शब्दमा एक्लै जाने उद्घोष गरेका छन् ।

यद्यपि, नेपाली कांग्रेसका स्थानीय कार्यकर्ताको राय भने सम्भवतः दुवै पक्षले लिएका छैनन् । यस्तै पार्टीको समग्र चुनावी रणनीति बनाउने सम्बन्धमा पनि खासै चासो कसैले लिएको देखिएन । देउवा समूहले पेलेरै जान खोज्दा पार्टीका ४० प्रतिशत कार्यकर्ता निष्क्रिय भए भने के होला ?

समानुपातिक प्रतिनिधित्व र दलीय निरङ्कुशताका कारण सामान्य अवस्थामा कांग्रेस वा नेकपा (एमाले)कुनै दलको पनि संसद्मा बहुमत पुग्ने देखिँदैन । त्यसैले चुनावपछि त गठबन्धन नगरी सुखै छैन । तर, चुनावपूर्व (प्रिपोल) गठबन्धन कति सम्भव र उपयोगी होला भनेर कांग्रेसभित्र छलफल भएजस्तो देखिएन ।

अप्रत्यक्ष निर्वाचनमा गठबन्धन लाभदायी भए पनि प्रत्यक्षमा कम्युनिस्ट र कांग्रेसबीचको गठबन्धन फलदायी हुँदैन । दुवैथरी मतदाताले एक अर्कालाई भन्दा निकटका अरू उमेदवार रोज्छन् । यसैले मतदाताको मानसिकता नबुझी गरिने गठबन्धन प्रत्युत्पादक हुन्छ ।

नेपाली कांग्रेसका लागि त्रिपक्षीय भिडन्त लाभदायक हुनसक्छ । कम्युनिस्ट मत विभाजित भएमात्र कांग्रेसले चुनाव जित्न सक्छ । शेखर समूहलाई पेलेर जान खोजे चुनावमा पार्टीको ठूलो कार्यकर्ता पङ्क्ति बिच्किन सक्छ । त्यस अवस्थामा शेखर, गगन कसैले चाहेर पनि पहिरो थाम्न सक्नेछैनन् । सभापति कृष्णप्रसाद भट्टराईले पनि २०५१ सालमा विद्रोह रोक्न सकेनन् । यद्यपि, धेरै विद्रोही उनकै निकटका कार्यकर्ता थिए ।

कार्यकर्ताकै अवस्था त्यस्तो हुन्छ भने सामान्य मतदाताले कम्युनिस्टलाई मत देलान् भन्ने कल्पनै नगरे हुन्छ । कांग्रेसका मतदाताले पाएसम्म रूखमा मत दिन्छन् । रुख चिह्न मैदानमा नभए पहिलो त कांग्रेसका अपेक्षाकृत अल्छी मतदाता भोट दिनै नजान सक्छन् । गईहाले भने पनि कम्युनिस्टलाई मत दिन सितिमिति हात जाँदैन ।

यही मानसिकता माओवादी वा एकीकृत समाजवादीका कार्यकर्ता र समर्थकमा पनि पाइन्छ । कांग्रेसलाई भोट दिनुपर्ने भयो भने उनीहरूमध्ये धेरैले एमालेका उमेदवार लाई मत दिनेछन् ।

त्यस अवस्थामा धेरै मत ल्याउने विजयी हुने प्रणालीमा एमाले उमेदवारले सजिलै जित्छन् । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा त ज्योतिषीको भविष्यवाणी पूरा हुने विश्वास दिलाए जस्तोसुकै सम्झौता गर्न पनि तयार भइदिन्छन् । उनले सभापति जित्न साम, दान, दण्ड, भेद सबै अपनाएको पार्टी चलाउन नभएर चुनावपछि प्रधानमन्त्री हुन न हो ।

देउवाका लागि त दुवै पद अब लगभग अन्तिम होला तर पूर्ण खड्का, ज्ञानेन्द्र कार्की, बालकृष्ण खाणहरूका लागि त नेपाली कांग्रेस सग्लो र सक्रिय रहिरहे नै काम लाभदायी होला नि ! शेखर र गगन भारण्ड नहोलान् तर सबै कार्यकर्ता उनीहरूजस्तै सहन तयार होलान् र ?

**र, अन्त्यमा**

जनवरी ६, २०२१ मा अमेरिकामा चुनाव परिणाम उल्ट्याउन डोनाल्ड ट्रम्प समर्थकहरूले संसद् भवनमा गरेको आक्रमणको वार्षिकीमा अमेरिकाका ३९ औं राष्ट्रपति जिमी कार्टरले 'द न्यु योर्क टाइम्स'मा 'आई फिएर फर आवर डेमोक्रेसी'शीर्षकमा एउटा लेख लेखेका छन् । उनको निष्कर्ष छ - अमेरिका गहिरो खाडलको डिलमा धर्मराई रहेको छ र नागरिक विद्रोह तथा लोकतन्त्रको समाप्तिको जोखिममा छ । उनले लेखेका छन् - स्थापित भइसकेका (सुदृढ)लोकतन्त्र पनि सैनिक वा अरू अधिनायकका हातमा पुग्न सक्छ । हामी यहाँ (अमेरिकामा) त्यसो हुन दिन सक्तैनौ ।

जिमी कार्टरको यो लेख नेपालका सन्दर्भमा पनि मननीय छ । के नेपाली कांगेसका नेताहरूले कार्टरका धारणामा गौर गर्लान् ? हुनत, अधिनायकवादको जोखिम सबैको चिन्ताको विषय हो तर कम्युनिस्टहरूलाई सिद्धान्ततः अधिनायकत्वमा खासै आपत्ति हुँदैन । अरू दलले अहिलेसम्म राष्ट्रिय राजनीतिलाई प्रभावित गर्ने हैसियत बनाएका जो छैनन् । *बाह्रखरी डटकमबाट*

## नेपालको संविधानमा सीमान्तीकृत समुदायको अधिकार

नेपालको संविधानमा सीमान्तीकृत समुदायको अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ ।

- राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदायलाई सीमान्तीकृत समुदायको रुपमा परिभाषा गरिएको ।
- आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका सीमान्तीकृत समुदाय लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- सामाजिक रुपले पछाडि परेका सीमान्तीकृत समुदाय समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
- उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधार भूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
- सीमान्तीकृत समुदाय समेतको हक अधिकारको संरक्षण गर्न संवैधानिक आयोगको रुपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था ।
- नेपाली राजदूत र विशेष प्रतिनिधि समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

नेपाल सरकार
कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

सानीभेरी गाउँपालिकाको कार्यालय
रुकुम (पश्चिम) कर्णाली प्रदेश नेपाल

कोरोना भाईरसबाट बच्न पटक पटक सावुन पानीले मिचि हात धुने बानी बसालौं । रेखदेख

## नेपालको संविधानमा दलितको अधिकार

नेपालको संविधानमा दलितको हक अधिकार देहायबमोजिम व्यवस्था गरिएको छ ।

सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने ।सामाजिक न्याय सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।

- सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति वा अन्य कुनै आधारमा भेदभाव नगरिने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- कुनै व्यक्तिलाई उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव नगरिने ।
- कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान नगरिने ।
- उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै किसिमले प्रोत्साहन गर्न नपाइने ।
- जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न नपाइने ।
- सबै प्रकारका छुवाछूत तथा भेदभाव जन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा दण्डनीय हुने र पीडितले क्षतिपूर्ति पाउने ।
- दलितले राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुन पाउने ।
- दलित समुदायलेआफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्न पाउने ।
- सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि विशेष व्यवस्था गरिने ।
- दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिने ।
- प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि विशेष व्यवस्था गरिने ।
- दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न विशेष व्यवस्था गरिने ।
- दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराईने ।
- भूमिहीन दलितलाई एकपटक जमीन उपलब्ध गराईनेर आवासविहीन दलितलाई बसोबासको व्यवस्था गरिने ।
- दलित समुदायलाई प्राप्त सुविधा दलित महिला, पुरुष र सबै समुदायका दलितले समानुपातिक रूपमा पाउने गरी न्यायोचित वितरण गरिने ।
- सामाजिक रूपले पछाडि परेका महिला, दलित समेतले समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागि हुन पाउने सामाजिक न्यायको हक हुने ।
- समाजमा विद्यमान धर्म,प्रथा,परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने ।
- हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने ।
- उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
- राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा एक जना दलित निर्वाचित गर्नु पर्ने ।
- गाउँ कार्यपालिकामा दलित वा अल्पसंख्यक समुदायबाट गाउँ सभाले निर्वाचित गरेका दुईजना सदस्य रहने ।
- नगर कार्यपालिकामा दलित वा अल्पसंख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका तीनजना सदस्य रहने ।
- जिल्ला समन्वय समितिमा दलित वा अल्पसंख्यकबाट जिल्ला सभाले निर्वाचित गरेको कम्तीमा एक जना सदस्य रहने ।
- राष्ट्रिय दलित आयोग संवैधानिक निकायको रुपमा रहने र सोको अध्यक्ष र सदस्यहरु दलित मात्र रहने ।

**मुसीकोट नगरपालिकाको कार्यालय रुकुम पश्चिम**

# कर्णाली प्रदेशका महामन्त्रीलाई गृहनगरमा स्वागत तथा सम्मान




**■ रेखदेख संवाददाता**

**रूकुम**

नेपाली कांग्रेस कर्णाली प्रदेशका महामन्त्री पदमा निर्वार्चित कृष्णबहादुर रोकायलाई गृहनगरमा स्वागत तथा सम्मान गरेको छ।

शुक्रबार मुसीकोट स्थित होटेल एशियनमा नेपाली काँग्रेस मुसीकोट नगरपालिका कार्यसमितिले महामन्त्री पदमा निर्वार्चित रोकायलाई बधाई तथा सम्मान गरेको हो ।

मुसीकोट नगसभापति प्रेमबहादुर ओलीको अध्यक्षतामा सञ्चालन गरिएको बधाई तथा सम्मान कार्यक्रममा नेपाली काँग्रेसका कर्णाली प्रदेशका महामन्त्री कृष्णबहादुर रोकायको प्रमुख आथित्यता रहेको थियो । बधाई तथा सम्मान कार्यक्रममा नेपाली कांग्रेसका जिल्ला कार्यसमिति सह सचिव यज्ञबहादुर विष्ट, नेपाली काँग्रेका प्रदेश ‘क’ का सभापति महेन्द्र केसी, नेपाली कांग्रेस महासमिति सदस्य यज्ञबहादुर परियार, नेपाली कांग्रेसका नेता तथा महाधिवेशन प्रतिनिधी लालबहादुर महत, नेपाली कांग्रेसका युवानेता समिरजंग मल्ल, नेपाल दलित संघका सभापति प्रविर ददेल लगायतको आथित्यता रहेको थियो । कार्यक्रममा बधाई तथा शुभकामना व्यक्त गर्ने अधिकास बक्ताहरुले आउदै गरेको स्थानीय सरकारको निर्वाचन लक्षित कार्यक्रम सञ्चालन गर्न नेपाली कांग्रेसका विभिन्न तह र तप्काका संगठनहरुलाई आग्रह गरेका छन् ।

**पार्टीलाई बदनाम गर्ने जो कोहीलाई कारबाही हुन्छः महामन्त्री रोकाय**

नेपाली काँग्रेस कर्णाली प्रदेशका महामन्त्री कृष्णबहादुर रोकायले पार्टीलाई बदानम गर्नेलाई कारबाही हुने बताएका छन् । नेपाली कांग्रेस मुसीकोट नगर कार्यसमितिले आयोजना गरेको बधाई तथा सम्मान कार्यक्रममा बोल्दै नेपाली काँग्रेसका कर्णाली प्रदेशका महामन्त्री रोकायले नेपाली काँग्रेस सातौ जिल्ला सातौ जिल्ला अधिवेशनमा पार्टी र नेताहरुको नाम जोडेर भएका लेनदेनको खबरले पार्टीलाई वदनाम बनाएको भन्दै लेनदेनमा विषयमा नेपाली काँग्रेस जिल्ला कार्यसमितिले पहिलो बैठकमा छानविन समिति बनाउनु पर्ने जनाएका छन् ।

‘यदि म पनि दोषि देखिए कारबाही भोग्न तयार रहेको र अरु जो कोही पनि जोडिएको पाईएमा अनुशासनको कारवाही गर्नु पर्ने धारणा उनको छ । यस्तै नेताहरुको संलग्नता नभएमा गलत प्रचार गरी पार्टीलाई बदनाम बनाउनेहरुलाई कारबाही गर्नुपर्ने उनको भनाई छ ।’

एक अर्को प्रशंगमा बोल्दै महामन्त्री रोकायले कर्णाली प्रदेशमै काँग्रेस पार्टीलाई एक ढिक्का बनाएर ठुलो पार्टी बनाउने अवसर र चुनौति आफूहरुको बीचमा रहेको धारणा राखेका छन् ।

हामी कर्णालीमा काँग्रेसलाई ठुलो र शक्तिशाली बनाउन कर्णालीकै १० जिल्लामा संगठन विस्तार, प्रशिक्षण लगायतका कार्यक्रम अगाडि वढाउने तयारी गरेका छौं ।

नेपाली कांग्रेस मुसीकोट नगरपालिकाले आयोजना गरेको सम्मान तथा बधाई कार्यक्रममा प्रदेश सभा ‘क’ का सभापति महेन्द्र केसीलाई समेत बधाई तथा सम्मान गरिएको थियो ।

## रेखदेख साप्ताहिक राशिफल

२६ पुस- २ माघ २०७८
10-16 January 2022

**युवा जोतिष : ठाकुर देवकोटा**
**सम्पर्क नं. ९८४७८४४०९५**

**मेष :** साताको प्रारम्भिक दिनमा स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा असर पर्नसक्छ। विपक्षीको छलकपट तथा जालझेलबाट सावधान रहनुपर्नेछ। सोमबारबाट कुनै कुराले मनमा शान्ति छाउनेछ। लामो समय देखि रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ।




**वृष :** सामाजिक र राजनीति कार्यमा सफलता मिल्नेछ। वैदेशिक कार्य अघि बढ्नेछ। प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। शेयरको कारोबारबाट सफलता मिल्नेछ। यात्रा र घुमफिरको योग पनि छ। यो साताका लागि शुभ अङ्क ४,७ र शुभ रङ्ग निलो वा घिउ रङ्ग हो।




**मिथुन :** समय निकै उत्साहजनक रहनेछ मनोरञ्जनमा सहभागिता भइएला। प्राविधिक काममा सफलता मिल्नेछ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। रोकिएका अधुरा कामहरू पुरा हुनेछन्। बुधबारबाट प्रेममा बाधाका साथै बन्न लागेको काम बिग्रनसक्छ। शैक्षिक क्षेत्र पनि कमजोर रहनेछ।




**कर्कट :** शुभकार्यको चर्चा चल्नेछ। रमाइलो यात्राको योग रहेको छ। प्रेम जीवन सफल र सुखद् रहने देखिन्छ। नयाँ कामको थालनी र व्यापार व्यवसायमा सफलता पाइनेछ। साताको मध्यमा नियमको अनुशासनलाई बेवास्ता गर्दा अवसर र लाभ गुम्न सक्छन्।




**सिंह :** सहकर्मीबाट विरोध आउला। आर्थिक कारोबारमा विवाद आउनेछ। स्वास्थ्यमा सामान्य समस्या आउनसक्छ। बुधवारबाट इच्छा र आकाङ्क्षा पूर्ण हुनेछ। आकस्मिक धन लाभ हुनेछ। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। यो साताका लागि शुभ अङ्क २,९ र शुभ रङ्ग रातो हो।




**कन्या :** नयाँ कार्यको योजना बन्नेछ र ताकेको कार्य पुरा होला। धार्मिक तथा समाजसेवामा मन लाग्नेछ। मनको डरले सताए पनि व्यवहारमा फाइदा हुनेछ। मध्य सातामा मनमा निराशा र शरीरमा आलस्य आउला। सौन्दर्यतामा धन खर्च हुनेछ। यो साताका लागि शुभ अङ्क २,९ र शुभ रङ्ग हरियो हो।




**तुला :** पुनर्मिलनको योग रहेको छ। पार्टी, पिकनिक तथा सेमिनारमा सहभागी भइएला। बन्धु बान्धवबाट सहयोग मिल्नेछ। शेयर बजारले पनि साथ दिनेछ। साताको मध्य भागमा आफूलाई कमजोर भएको अनुभूति हुनेछ। घरायसी झमेलामा पनि परिएला। यो साताका लागि शुभ अङ्क १,७ र शुभ रङ्ग सेतो रङ्ग हो।




**वृश्चिक :** महिला वर्गबाट विषेश सहयोग मिल्नेछ। वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ। विश्वास गरेकाले साथ दिनेछन्। अतिथिको रूपमा सत्कार पाइनेछ। कार्य सम्पादनमा सहजता मिल्नेछ। पुँजी बजार या वित्तीय संस्थाबाट राम्रै लाभ मिल्नेछ। यो साताका लागि शुभ अङ्क ३,९ र शुभ रङ्ग रातो हो।




**धनु :** यो सातामा मिश्रित फल मिल्नेछ। आर्थिक झन्झट आइलाग्न सक्छ, तर अन्तिममा कार्य सम्पादन हुनेछ। स्वास्थ्यको क्षेत्रमा पनि प्रतिकूल हुने देखिन्छ। मध्य साताबाट धर्म तथा समाजसेवामा मन लाग्नेछ। लामो समयदेखि रोकिएका अधुरा कामहरू पुरा हुनेछन्।




**मकर :** यो साता रमाइलो यात्राको योग रहेको छ। आँटेको र ताकेको कार्य पुरा होला। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। लगनशीलताले कामहरू अगाडि बढ्नेछन्। साताको अन्त्यमा बाटो काट्दा वा यात्रा गर्दा सचेत हुनुपर्छ। यो साताका लागि शुभ अङ्क ३,५ र शुभ रङ्ग निलो हो।




**कुम्भ :** यो साता दाजुभाइ, दिदीबहिनीले तपाईंका सकारात्मक विचारलाई समर्थन गर्नेछन्। कूटनीतिक नियोगको सहयोग मिल्ने देखिन्छ। शिक्षामा सफलता पनि मिल्नेछ। साताको उत्तरार्धमा प्रतिद्वन्दीहरूले कार्यमा अवरोध ल्याउन सक्छन्। पुँजी बजारले पनि साथ नदेला। यो साताका लागि शुभ अङ्क ३,६ र शुभ रङ्ग पर्पल वा खैरो हो।




**मीन :** यो हप्ता कुनै समाचार सुन्नाले मनमा शान्ति छाउला। नसोचेको ठाउँबाट धन आर्जन हुनेछ। मनमा शान्ति र अनुहारमा कान्ति छाउला। वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ। कलासाहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ। प्रेमीको सहयोग पनि पाइनेछ। यो साताका लागि शुभ अङ्क १,८ र शुभ रङ्ग सेतो वा पहेंलो हो।



नेपाल जनजागरण मञ्च(एन.प्याफ) रुकुम
Nepal Public Awakening Forum (N-PAF) Rukum
मुसीकोट नगरपालिका-२, सल्ले रुकुम (पश्चिम)

## कर्मचारी आवश्यकता सम्वन्धी सूचना

विज्ञापन नं.०२-०७८/०७९ प्रकाशित मिति : २०७८/०९/२५गते

सामाजिक रुपान्तरण तथा दिगो विकासको अवधारणा अनुसार महिला, बालबालिका तथा पछाडी पारिएका वर्गको उत्थान गरीबी निवारणमा हाम्रो अभियान भन्ने मुल नाराका साथ लैङ्गिक,समाबेशी र समता मुलक समाजको निर्माण गर्ने परिकल्पना लिई बि.सं. २०६३ सालमा जिल्ला प्रशासन कार्यालय रुकुममा दर्ता गरि स्थापना गरिएको हो । यस संस्थाले महिला, वालवालिका, दलित, जनजाति, गरिब, बिपन्न, सिमान्तकृत तथा पिछडिएको वर्गहरुका लागि समुदाय स्तरमा स्वास्थ्य,पोषण,मानसिक स्वास्थ्य,जिविकोपार्जन,संरक्षण,शुसान, वातावरण तथा जलवायु परिवर्तन,प्रकोप व्यवस्थापन,जनवकालत तथा पैरवी र शिक्षा क्षेत्रमा कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेको छ । नेपाल जनजागरण मञ्च (एन-प्याफ) रुकुमले FASTENOPFER को साझेदारीमा रुकुम पश्चिम जिल्लाको आठविसकोट नगरपालिका अन्तर्गत स्यालाखदी वडा नं.१ र २ मा संचालन हुने समुदाय खाद्य सुरक्षा शसक्तिकरण कार्यक्रमका लागि तपसिल बमोजिमका कर्मचारीहरु आवश्यकता परेको हुदाँ उक्त पदमा तल उल्लेखित वमोजिमका योग्यता पुगेका इच्छुक व्यक्तिहरुले सुचना प्रकाशित भएको मिति देखि ७ (सात) दिन सम्म यस नेपाल जनजागरण मञ्च रुकुमको कार्यालय मुसिकोट नगरपालिका वडा नं.१ सल्लेमा आईपुग्ने गरी तपसिल वमोजिमको कागजात सहित निवेदन गर्न आह्वान गरिन्छ ।

**१.पद :- फिल्ड कार्यक्रम संयोजक**
२.तह :- ६(छठौं)
३.आवश्यक संख्या :-१ (एक) जना ।
४.कार्य क्षेत्र :- आठविसकोट वडा नं.१ र २ स्यालाखदी ।
५.तलव तथा सेवा सुविधा :- कार्यक्रमको सम्झौता तथा संस्थाको नियम अनुसार

**.आवश्यक न्युनतम योग्यता :** नेपाली नागरिक, २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको, कम्तिमा १ वर्ष सामाजिक,कृर्षी र जिविकोपार्जन क्षेत्रमा कार्य अनुभव भएको, वि.ए.,वि.एड.वि.वि.एस.वा वि.एस.सि.कृषि विषय लिएर उतिर्ण गरेको, कम्प्युटर सम्वन्धि राम्रो ज्ञान भएको, राम्रो नेपाली र अंग्रेजीमा प्रतिवेदन लेख्न सक्ने, राम्रासगँ तालिम,गोष्ठी र वैठक सहजिकरण गर्न सक्ने सिप भएको हुनु पर्नेछ,

**पेश गर्नु पर्ने कागजातहरु :-**
- निवेदन, वायोडाटा, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, कार्य अनुभव तथा तालिम/अनुभवहरुको प्रमाणपत्रको एक/एक प्रतिलिपि र हालसालै खिचिएको पासपोर्ट साईजको फोटो २ प्रति ।

**कार्यहरु**
- स्थानीय सरोकारवालाहरुसगँ राम्रोसगँ समन्वय र सहकार्य गर्ने, कर्मचारीहरुलाई व्यवस्थित तथा प्रभावकारी रुपमा परिचालन गर्ने, कार्यक्रमलाई व्यवस्थित तथा प्रभावकारी रुपमा संचालन गर्ने,कार्यक्रम अन्तर्गतका तालिम,गोष्ठी र वैठकहरुको सहजिकरण तथा व्यवस्थापन गर्ने, कार्यक्रमको प्रतिवेदन तयार गर्ने ।

**१.पद :- सामाजिक परिचालक**
२.तह :- ४(चौथो)
३.आवश्यक संख्या :- २(दुई) जना ।
४.कार्य क्षेत्र :- आठविसकोट वडा नं.१ र २ स्यालाखदी ।
५.तलव तथा सेवा सुविधा : कार्यक्रमको सम्झौता तथा संस्थाको नियम अनुसार

**आवश्यक न्युनतम योग्यता :-**
- नेपाली नागरिक हुनु पर्ने, २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनु पर्ने, महिलाको हकमा ४० वर्ष ननाघेको हुनु पर्ने, कृर्षि क्षेत्रमा कार्य अनुभव भएको हुनु पर्ने, कृर्षि प्राविधिक उतिर्ण गरेको हुनु पर्ने, कम्प्युटर सम्वन्धि सामान्य ज्ञान भएको, राम्रो नेपालीमा प्रतिवेदन लेख्न सक्ने ।

**पेश गर्नु पर्ने कागजातहरु :-**
- निवेदन, वायोडाटा, नागरिकताको प्रमाणपत्र,शैक्षिक योग्यताको प्रमाणपत्र, कार्य अनुभव तथा तालिम/अनुभवहरुको प्रमाणपत्रको एक/एक प्रतिलिपि र हालसालै खिचिएको पासपोर्ट साईजको फोटो दुई प्रति ।

**कार्यहरु**
- समुहहरु गठन तथा परिचालन गर्ने, स्थानीय स्तरवाट आवश्यक तथ्याकंहरु सकंलन गर्ने, कार्यक्रमलाई व्यवस्थित तथा प्रभावकारी रुपमा संचालन गर्ने, स्थानीय निकायहरुसगँ समन्वय र सहकार्य गर्ने, कार्यक्रमको प्रतिवेदन तयार गर्ने ।

**१.पद :- आंशिक लेखापाल**
२.तह :- ४(चौथो)
३.आवश्यक संख्या :- १(एक) जना ।
४.कार्य क्षेत्र :- आठविसकोट वडा नं.१ र २ स्यालाखदी ।
५.तलव तथा सेवा सुविधा : कार्यक्रमको सम्झौता तथा संस्थाको नियम अनुसार

**.आवश्यक न्युनतम योग्यता :-**
- नेपाली नागरिक हुनु पर्ने, २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनु पर्ने, महिलाको हकमा ४० वर्ष ननाघेको हुनु पर्ने, कृर्षि क्षेत्रमा कार्य अनुभव भएको हुनु पर्ने, आई.कम. उतिर्ण गरेको हुनु पर्ने, कम्प्युटर सम्वन्धि राम्रो ज्ञान भएको,राम्रोसगँ आर्थिक प्रतिवेदन लेख्न सक्ने ।

**पेश गर्नु पर्ने कागजातहरु :-**
- निवेदन,वायोडाटा ,नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र,कार्य अनुभव तथा तालिम/अनुभवहरुको प्रमाणपत्रको एक/एक प्रतिलिपिहरु र हालसालै खिचिएको पासपोर्ट साईजको फोटो २ प्रति ।

**कार्यहरु**
- गोश्वरा भौचर र लेजर व्यवस्थापन गर्ने, आर्थिक प्रतिवेदन तयार गर्ने, वैक कारोवार व्यवस्थित गर्ने, मासिक रुपमा कार्यक्रमहरुको आय व्यय व्यवस्थित रुपमा राख्ने,आर्थिक गतिविधिहरु सवै कार्य गरि कागजातहरु व्यवस्थापन गर्ने ।

छनौटको किसिम : दरखास्तको म्याद भित्र पर्न आएका निवेदनहरु मध्येवाट अनुभव,योग्यता तथा छनौट समितिले निर्धारण गरेको सर्तको आधारमा सर्टलिष्ट प्रकाशन गरिनेछ। सर्टलिष्टमा प्रकाशित मध्येहरुवाट लिखित,मौखिक,प्रयोगात्मक तथा Skill Test परिक्षा समेत गराईनेछ

दरखास्त दिने अन्तिम मिति :२०७८/१० ।२ गतेको वेलुकी ५:०० वजे सम्म । सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सम्म दरखास्त लिईनेछ ।

नोट :(१) महिला,दलित,जनजाति,पिछडिएका वर्ग तथा सम्वन्धित कार्यक्षेत्रका व्यक्तिलाई प्राथमिकता दिईनेछ
२) वायोडाटा पेश गर्दा Reference अनिवार्य खुलाउनु पर्ने छ ।
३) दरखास्त लगाउने स्थान : संस्थाको कार्यालय मुसीकोट नगरपालिका वाड नं.१ सल्ले रुकुम ।

कर्मचारी छनौट समिति
नेपाल जनजागरण मञ्च, रुकुम

# नर्वेका सिपाहीलाई अवकाशपछि अन्डर वेयर, मोजा र ब्रा फिर्ता मागियो !



नर्वेमा सेवा अवधि सकिएपछि सिपाहीलाई अन्डर वेयर, मोजा र ब्रा फिर्ता गर्न भनिएको छ । नर्वेको सेनाले कोभिड-१९ महामारीका कारण आपूर्तिमा देखिएको अभावका कारण अवकाशपछि सबै सिपाहीलाई सैन्य पोशाकको रुपमा प्रयोग गरिने अन्डरवेयर, मोजा र ब्रा फिर्ता गर्न भनेको हो । प्रयोग भइसकेका मोजा, अन्डरवेयर र ब्रा सफा गरेर जाँच भएपछि नयाँ सिपाहीलाई प्रदान गरिने पनि सेनाको भनाइ छ । समाचार अनुसार सेनाका सदस्यलाई आफूले प्रयोग गर्दै आएको अन्डरवेयर, मोजा एवम् ब्रा जतन गरेर राख्न भनिएको छ । नयाँ भर्ना हुने सदस्यलाई सफा गरेर प्रयोग भइसकेका अन्डरवेयर, मोजा र ब्रा वितरण गरिने पनि समाचारमा उल्लेख छ । नर्वेजियन ब्रोडकास्टिङ कर्पोरेशन (एनबीसी)का अनुसार स्वेच्छिक रुपमा २०21 को वर्षायामसम्म मात्रै अस्थायी समाधान स्वरुप मोजा, अन्डर वेयर र ब्रा फिर्ता गर्न भनिएको थियो । तर अभाव नटरेपछि सबै सिपाहीलाई अनिवार्य रुपमा फिर्ता गर्न भनिएको हो ।

'हाल हामीले सैन्य पोशाकअन्तर्गतका यी चीजलाई पुनः प्रयोग गर्ने निर्णय गरेका छौं र यसबाट हामीलाई सजिलो हुनेछ', रक्षा मन्त्रालयको रसद व्यवस्थापन विभागका प्रवक्ता हान्स मेइसिङसेटले भने, 'यिनलाई धोएर जाँच गरिन्छ र हामीले वितरण गर्ने चीज राम्रै अवस्थामा हुन्छन् ।'

रुससँग सीमा जोडिएको नर्वेको सेनामा हरेक वर्ष महिला र पुरुष गरी झण्डै ८ हजार नयाँ सदस्य भर्ना हुन्छन् । त्यहाँ सिपाहीले आफ्नो सेवा अवधि पूरा भएपछि अन्डरवेयर, ब्रा र मोजा समेत आफैंसँग लैजान पाउने नियम छ । तर कोभिड-१९ को महामारीका कारण उद्योग बन्द हुँदा र ढुवानीको समस्याका कारण आवश्यक मात्रामा अन्डरवेयर सहितका सैनिक पोशाक आपूर्तिमा समस्या देखिएको छ । यही भएर नर्वेको सेनाले जागिर छोड्ने पुराना सिपाहीलाई अन्डरवेयर, ब्रा र मोजा ब्यारेकमै राख्न भनेको हो ।

दि गार्जियनबाट

## जग्गाको किनबेच/अंशवण्डा गर्नु अघि

१. नक्साको आधारमा फिल्ड नाँपजाँच गरी सिमना एकीन गरौं ।
२.किनबेच/अंशबण्डा गरि दिने/लिने जग्गाको क्षेत्रफल तर्फ एकीन गरौं ।
३. सोपछि मात्र मालपोत कार्यालयमा लिखत तयार गरी कित्ताकाट गरौं ।

नापी कार्यालय रुकुम पश्चिम
सम्पर्क सूचना अधिकारी ९८५७८७११७७
कार्यालय ०८८-५३००७७


- जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुनसक्छ ।
- सावधानीपूर्वक सवारी साधन चलाऔं ।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं ।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निःशुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं ।

आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


रेखदेख साप्ताहिकको लागि प्रकाशक/सम्पादक : प्रबिर ददेल कार्यालय : मुसीकोट नगरपालिका. १, मिडियाचोक रुकुम (पश्चिम) फोन नं : ९८४७८७६७१३ इमेल : info@rekhadekh.com, rekhadekh@gmail.com
Web-www.rekhadekh.com मुद्रण : राप्ती अफसेट प्रेस रुकुम